शुक्रबार, १४ मंसिर २०७० / कारोबार 29th November 2013

# डब्लूटीओमा नेपालको 'ड्युटी फ्रि कोटा फ्रि'

कारोबार संवाददाता

काठमाडौं, १३ मंसिर

विश्व व्यापार संगठन (डब्लूटीओ) को नवौं मन्त्रिस्तरीय सम्मेलनमा अल्पविकसित मुलुकका वस्तुको विकसित मुलुकमा बजार पहुँच पुऱ्याउन 'ड्युटी फ्रि कोटा फ्रि' दिनुपर्ने एजेन्डाले प्राथमिकता पाउने भएको छ। इन्डोनेसियाको बालीमा डिसेम्बर ३ देखि ६ तारिखसम्म सम्मेलन हुँदैछ।

डब्लूटीओमा विकसित राष्ट्रले अल्पविकसित राष्ट्रलाई ९७ प्रतिशत वस्तुमा ड्युटी फ्रि दिने प्रतिवद्धता जनाए पनि अझै कार्यान्वयनमा आएको छैन। साथै अल्पविकसित मुलुकबाट बढी निर्यात हुने वस्तुलाई ड्युटी फ्रिको सुविधा दिनुपर्ने एजेन्डा पनि उठ्ने भएको छ। यसले मात्र अल्पविकसित मुलुकको व्यापार घाटा कम हुनेछ। यो वर्षको सम्मेलनमा अल्पविकसित मुलुकको अध्यक्षता नेपालको अर्थ, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री शंकरप्रसाद कोइरालाले गर्नेछन्।

मन्त्रालयका सहसचिव तोयनारायण ज्ञवालीले विकसित मुलुकमा अल्पविकसित मुलुकको वस्तुलाई बजार पहुँच पुऱ्याउन 'ड्युटी फ्रि कोटा फ्रि' मुख्य एजेन्डा रहेको जानकारी दिए। "केही विकसित मुलुकका सदस्य राष्ट्रले ड्युटी फ्रि दिइरहेका छन्। केही दिने प्रक्रियामा छन्," उनले भने। डब्लूटीओको प्रतिबद्धताअनुसार यो काम छिटो हुनुपर्ने उनको माग छ।

अल्पविकसित मुलुकका वस्तुमा उत्पतिको प्रमाणपत्रको संसोधन गरेर सहजीकरण गर्नुपर्ने एजेन्डा पनि यो वैठकमा उठ्नेछ। युरोपियन यूनियनले अन्तरक्षेत्रीय व्यापारमा ३० प्रतिशत मूल्य अभिबृद्धिलाई उत्पत्तिको प्रमाणपत्रमा समावेश गर्छ। अल्पविकसित राष्ट्रका लागि पनि छुट्टै उत्पत्तिको प्रमाणपत्रको व्यवस्था गर्नुपर्ने मन्त्रालयको भनाइ छ।

WORLD TRADE ORGANIZATION

आर्थिक वर्ष २०६९/७० मा कुल गार्हस्थ्य उत्पादनको करिब ५०.३ प्रतिशत योगदान छ। नेपाल व्यापार एकीकृत रणनीति (एनटीआईएस) ले समेत ७ वटा सेवा क्षेत्रलाई पनि निकासी हुने वस्तुमा राखेको छ। सेवा क्षेत्रको निकासीबाट अहिले भइरहेको व्यापार घाटा कम गर्न सकिने मन्त्रालयले जनाएको छ। कमविकसित मुलुकको सेवा क्षेत्रका लागि सम्भावित क्षेत्र तथा उपक्षेत्रको पहिचान पनि आवश्यक छ। भविष्यमा डब्लूटीओको सम्झौताअनुसार व्यापार सहजीकरण कार्यान्वयन गर्न अध्ययन आवश्यक छ। सम्मेलनमा व्यापार सहजीकरण, कृषि र विकसित तथा कम विकसित राष्ट्र व्यापारमा रहेको समस्याहरू मुख्य एजेन्डा हुनेछन्।

## सेवा क्षेत्रमा जोड दिन सुझाव

नेपालको सेवा क्षेत्र फस्टाउँदै गएकाले डब्लूटीओमा प्राथमिकता साथ उठाउन सरोकारवालाहरूले सुझाव दिएका छन्। डब्लूटीओको मन्त्रीस्तरीय सम्मेनलमा नेपालको सहभागिताका विषयमा सरोकारवालासँग छलफल भइरहेको छ। जेनेभाका मिसन प्रमुख शंकर वैरागीले सेवा क्षेत्रको विस्तार हुँदै गएकाले डब्लूटीओमा एजेन्डा प्रस्तुत हुनुपर्ने बताए। "सेवा क्षेत्रको बारेमा सामूहिक छलफल हुनु आवश्यक छ," उनले भने। कम विकसित मुलुकले यस्ता एजेन्डालाई प्याकेजको रूपमा अगाडि बढाउनुपर्ने उनको भनाइ छ।

अर्थशास्त्री विश्वम्भर प्याकुरेलले द्विपक्षीय तथा क्षेत्रीय व्यापारलाई प्राथमिकता दिनुपर्ने बताए। "हामी विश्व व्यापारमा आफ्नो लिन सक्दैनौं," उनले भने। यस्तो बेलामा द्विपक्षीय र क्षेत्रीय व्यापारबाट नै नेपालले फाइदा लिन सक्ने उनको भनाइ छ।

प्रधानमन्त्री कार्यालयका सचिव सूर्यप्रसाद सिलवालले अल्पविकसित मुलुकले व्यापार सहजीकरण तथा क्षमता अभिबृद्धि गर्न व्यापार सहायतालाई प्राथमिकता दिनुपर्ने बताए। "सेवा क्षेत्रको व्यापार राम्रो देखिन्छ। डब्लूटिओमा यो विषय जोडदारका साथ उठाउन सके नेपालले फाइदा लिनसक्छ," उनले भने।

नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि शंकरप्रसाद पाण्डेले नेपालको वार्ता गर्ने सम्झौता कमजोर भएको भन्दै त्यसमा जोड दिनुपर्ने बताए। "सम्झौताबाट सबै समस्या हल गर्नेगरी अडान लिन सक्नुपर्छ," उनले भने। उनका अनुसार अल्पविकसित राष्ट्रको व्यापार बाधक यातायात र ट्रान्जिट हो। यो बढी खर्चिलो पनि छ। नेपालको प्रविधि र पर्यटनमा सम्भावना रहेको भन्दै यसमा पनि केन्द्रित हुनुपर्ने सुझाव उनको छ।